STUDY JAPAN
६ महिना tuition fees & Hostel
गरि रू.492960।- मात्रमा प्रोफेस गर्न सकिने
Intake: October/Jan
✧Free NAT/JLPT classes ✧Pay after visa
✧100% Part Time Job support ✧Full support in Japan
✧+12 & above can apply ✧Scholarship available
✧Translation & Documentation ✧NAT/JLPT not required
✧School & Location of your Choice
✧NAT/JLPT classes are running by language expert
Hurry up limited seat only
NADESHIKO Language Institute
Ranipauwa, barrack gate
(Karmacharya Hardware को)
977-61-522668, 533421,9805877868

राष्ट्रिय दैनिक
गोल्डेन न्यूज
Golden News National Daily
○वर्ष ५ ○अंक २७२ ○श्रेणी 'क' ○२०७१ असार ३० गते सोमबार ○ 14 July, 2014 ○पृष्ठ ४ ○मूल्य रू. ३/-

5th EPS TOPIK कोरियाको लागि
कोरियन भाषा
✓दक्ष तथा अनुभवी शिक्षक ।
✓EPS-TOPIK परिक्षा सम्बन्धी निःशुल्क परामर्श ।
✓सस्तो तथा भरपर्दो HOSTEL को व्यवस्था ।
✓FREE books with cd
✓Regular class/ Mock test
✓गुणस्तर आउनेठाउँमा फिरोप्यु छुट ।
Hurry Up!!
PLATFORM
INT'L EDUCATION
Prithivi Chowk,Pokhara
Ph: 061-541104

छ खर्ब अठार अर्ब बढीको बजेट सार्वजनिक

शान्तिप्रक्रिया, संविधान निर्माण र उर्जा र कृषिमा प्राथमिकता, तलब दशप्रतिशत वृद्धि हुने

गोल्डेन न्यूज संवाददाता
काठमाडौं २९ असार ।

सरकारले आगामी आर्थिक वर्ष २०७१/७२ का लागि रु छ खर्ब १८ अर्ब १० करोडको वार्षिक बजेट प्रस्तुत गरेको छ । अर्थमन्त्री डा रामशरण महतले आइतबार व्यवस्थापिका-संसदको बैठकमा प्रस्तुत गरेको आयव्यय विवरण (बजेट) मा विनियोजित रकममध्ये चालु खर्च रु तीन खर्ब ९८ अर्ब ९५ करोड ११ लाख ९५ हजार अर्थात ६४.५ प्रतिशत, पूँजीगत तर्फ रु एक खर्ब १६ अर्ब ७५ करोड ५० लाख ४२ हजार अर्थात १८.९ प्रतिशत र वित्तीय व्यवस्थापनतर्फ रु एक खर्ब दुई अर्ब ३९ करोड २७ लाख ६३ हजार अर्थात १६.६ प्रतिशत रहेको बताए । उक्त खर्च अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा १९.५ प्रतिशत र संशोधित अनुमानको तुलनामा ३७.४ प्रतिशतले बढी हो । आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये राजश्वबाट रु चार खर्ब २२ अर्ब ९० करोड, सांवा फिर्ता प्राप्तिबाट रु एक अर्ब र वैदेशिक अनुदानबाट रु ७२ अर्ब ३८ करोड ५९ लाख २४ हजार व्यहोर्दा रु एक खर्ब २० अर्ब ८१ करोड ४० लाख ७६ हजार न्यून हुनेछ ।

सो न्यूनता पूर्ति गर्न वैदेशिक ऋणबाट रु ४९ अर्ब ५२ करोड ८७ लाख ७० हजार जुटाइने बजेटमा उल्लेख छ । राजश्व परिचालन र वैदेशिक सहायता र रु १८ अर्ब ५३ करोड ५३ लाख परिचालन गर्दा खुद रु ७१ अर्ब २८ करोड ५३ लाख छ हजार न्यून हुन जाने रकम पूर्ति गर्न रु ५२ अर्ब ७५ करोड आन्तरिक ऋणबाट यसैगरी सरकारले आगामी आर्थिक वर्षमा छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य निर्धारण गरेको छ । सरकारले सार्वजनिक गरेको आर्थिक वर्ष २०७१/७२ को बजेट कार्यान्वयन बाट आगामी आर्थिक वर्षमा ६ प्रतिशत आर्थिक वृद्धि हुने अनुमान गरिएको छ । मुद्रास्फीति दर आठ प्रतिशतमा सीमित रहने अनुमान बजेटमा गरिएको छ भने बजेटको कार्यान्वयनबाट भौतिक पूर्वाधार विस्तार, निजी क्षेत्रको लगानी प्रवर्द्धन, पूँजी बजारले गति लिने, समाजिक न्याय एवम् सुरक्षा अभिवृद्धि भई वित्तीय सन्तुलन कायम हुने र समग्र अर्थतन्त्रमा सुधार आउने अपेक्षा गरिएको छ ।

बजेट कार्यान्वयनका क्रममा मूल्यस्थितिलगायत समष्टिगत आर्थिक परिसूचकहरूमा सकारात्मक प्रभाव पार्ने नेपाल राष्ट्र बैंकले शीघ्र मौद्रिक नीति सार्वजनिक गर्ने बजेटमा स्पष्ट उल्लेख छ । यस्ते संविधान निर्माण तथा शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन आवश्यक बजेटको व्यवस्था गरिएको तथा द्वन्द्वकालमा ध्वस्त भएका संरचना पुनः निर्माणका लागि आवश्यक स्रोत विनियोजन गरिएको जानकारी दिँदै उनले स्थानीय निकायको निर्वाचन सम्पन्न गर्न आवश्यक रकम

बाँकी अन्तिम पृष्ठमा.....

पोखरेली व्यवसायीको मिश्रित प्रतिक्रिया, बाराका व्यवसायी खुसी

अर्थमन्त्री डा.रामशरण महतले आइतबार व्यवस्थापिका-संसदमा प्रस्तुत गरेको आव २०७१/७२ को बजेटप्रति पोखराका उद्यमी, पर्यटन व्यवसायी र महिला गृहिणीले मिश्रित प्रतिक्रिया दिएका छन् । पोखरा उद्योग वाणिज्य सङ्घका महासचिव नारायण कोइरालाले बजेटले कृषि, ऊर्जा, शिक्षा, शिक्षा र पर्यटन पूर्वाधारमा विशेष जोड दिएकाले सकारात्मक भएको टिप्पणी गरे । बजेट समग्रमै प्रस्तुत हुनु सकारात्मक पक्ष भए पनि यसको कार्यान्वयन फितलो हुने गरेकामा दुःख व्यक्त गर्दै उनले बजेटमा व्यक्तिगत र पारिवारिक खर्चको सीमा बढाएर करमा छुट दिइनु राम्रो पक्ष भएको बताए । पर्यटन व्यवसायी वासु विपाठीले बजेटले परम्परागत र ठूला पर्यटन उद्योगको विकासलाई सम्बोधन गर्न नसकेको धारणा राखे । पोखराको चक्रपथ, पोखरा-लुम्बिनी द्रुतमार्ग र युवा रोजगारका बारेमा बजेट मौन रहेको उनको भनाइ थियो । उनले पर्यटन उद्योगको विकासमा रु ५० अर्बभन्दा बढी निजी क्षेत्रको लगानी भएको पोखरालाई बजेटले कति पनि छुन नसकेकामा चिन्ता व्यक्त गरे । अर्का पर्यटन व्यवसायी गोविन्द पहारीले प्रत्येक निर्वाचन क्षेत्रका लागि पूर्वाधार विकासका लागि छुट्टाइएको रु पाँच करोड सकारात्मक पक्ष भए पनि यसको कार्यान्वयनमा दुरुपयोग हुन नदिन सबै सजग हुनुपर्नेमा जोड दिए । बजेट निकै महत्वाकाङ्क्षी छ भन्दै उनले कृषिमा आधुनिकीकरण, सौर्यशक्ती विकास, महिला सशक्तीकरण जस्ता कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्ने बताए । पोखरी नयाँ बजारकी गृहिणी दिलमाया गुरुङले बजेटले मूल्यवृद्धि नियन्त्रणमा कुनै ठोस योजना नल्याएकामा दुःख व्यक्त गर्दै बढ्दो मूल्यवृद्धिले कम आय भएका परिवारलाई निकै मारमा पारेको बताए ।

यस्ते सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेटलाई पर्साका उद्योगी, प्राध्यापक, विद्यार्थी, पत्रकार तथा महिलाहरूले निकै सकारात्मक रुपमा लिएका छन् । उनीहरूले बजेट कार्यान्वनमा थोरै आशङ्का जनाएको भए पनि बजेट निकै सकारात्मक रहेको प्रतिक्रया दिएका छन् । बजेट भाषण सकिए लगत्तै प्रतिक्रिया दिँदै वीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष अशोक वैद्यले वीरगन्जसहित यस क्षेत्रका नागरिकको भावनालाई सम्बोधन हुने गरी सरकारले बजेट ल्याएकोमा प्रशंसा गरे । लगानी मैत्री र उद्योगहरूमा स्थायी रुपमा देखिएका समस्या समाधान गर्नका लागि पनि सरकारले बजेटमार्फत सम्बोधन गरेका कारण बजेट निकै राम्रो भएको बताए । यसैगरी ठाकुरराम व्यापसहायक व्यापस प्रमुख प्रमोद गुप्ता, विद्यार्थी नेता प्रभाकर गुप्ता, वरिष्ठ पत्रकार चन्द्रकिशोर झा, महिला अधिकारकर्मी दुर्गा तिमलसिना लगायतले पनि सरकारले सार्वजनिक गरेको बजेटमा यस वर्ष महिलाहरूका कुरा समेटिएको र हिंसामा परेका, द्वन्द्व पीडित महिला, एकल महिला लगायतलाई विशेष सुविधा गरेका कारण बजेट निकै सकारात्मक रहेको भएपनि कार्यान्वन पक्ष भने सबल हुनुपर्नेमा जोड दिएका छन् ।

एमालेमा ओलीको अग्रता

सोमबार बिहानसम्म मतगणना स्थगित

काठमाडौं २९ असार ।(रासस)

नेकपा (एमाले) को नयाँ नेतृत्वका लागि यही असार २६ गते भएको निर्वाचनको पछिल्लो परिणामअनुसार अध्यक्षमा नेता केपी शर्मा ओली समूहको अग्रता कायमै छ । ओलीले सुरुदेखि नै अग्रता लिइरहेको छ । उनीसँगै माधवकुमार नेपाल समूहले पछ्याइरहेका छन् ।

बुथ नं १ (केन्द्रीय कमिटी, निर्वाण र जनसङ्गठन) को मतगणना मै आइतबारको दिन बितेकाले पूर्ण परिणाम सोमबार राति सम्ममा आउने अनुमान गरिएको छ । एमालेका प्रचार तथा प्रकाशन विभाग प्रमुख प्रदीपकुमार ज्ञवालीले आग्रह गर्दै पनि राति १० बजेसम्म सो वेबसाइटमा परिणाम सम्बन्धी कुनै विवरण समावेश गरिएको छैन । मतगणना आइतबार मध्यान्ह १२ बजेदेखि सुरु भएको थियो । कुल चार सय २२ मत गणना हुँदा अध्यक्षका उम्मेदवार ओलीले २२४ र अध्यक्षका अर्का प्रत्याथी नेपालले १७३ मत प्राप्त गरे भने २५ मत बदर भएको थियो । पहिलो मतपेटिका रहेका चारसय २२ मत गनिसकेपछि विश्वकप फुटबलका कारण भन्दै मतगणना सोमबार बिहान ८ बजेसम्मका लागि स्थगन गरिएको आयोगका सदस्य सानुराजा पोखरेले जानकारी दिए । कुल तीनसयको मतगणनामा भने उपाध्यक्षमा वामदेव गौतम १६७, विद्यादेवी भण्डारी १६६ प्रदीप नेपाल १४७, धर्मनाथप्रसाद साह १३८, किरण गुरुङ १४८, अष्टलक्ष्मी शाक्य १४३, युवराज ज्ञवाली १४२, भीमबहादुर रावल, १३६, लालबाबु पण्डित १२७ र राजेन्द्रप्रसाद पाण्डेको १३० मत छ । महासचिवमा ईश्वर पोखरेलको १५६ र सुरेन्द्रप्रसाद पाण्डेको १३७ तथा उपमहासचिवमा विष्णुप्रसाद पौडेलको १६५, शङ्कर पोखरेलको १५६, घनश्याम भुसालको १४३ र रघुजी पन्तको १२८ मत प्राप्त भएको छ । सचिवमा प्रदीपकुमार ज्ञवालीको १७२, पृथ्वी सुब्बा गुरुङको १५७, विष्णु रिमालको १५१, गोकर्णराज विष्टको १६६, योगेश भट्टराईको १३५, रघुवीर महासेठको १३५, परशुराम मेघी गुरुङको १२६, भीमप्रसाद आचार्यको १३७, वेदराम भुसालको १२३, तथा केशवलाल श्रेष्ठको १३५ मत प्राप्त भएको एमाले प्रचार विभाग प्रमुख ज्ञवालीले जानकारी दिए । मतगणना धिमा गतिमा अघि बढिरहेकाले परिणाम प्रतीक्षा गरिरहेकालाई एमाले निर्वाचन आयोगले समय समयमा ताजगीकरण गराउन सकेको छैन । भित्र रहेका नेता र गणकलाई पनि मोबाइल टेलिफोनमा कुरा गर्न कडाइ गरिएकाले सूचनामा सहजता आउन सकेको छैन । कतिपय केन्द्रीय सदस्यमा उम्मेदवार पनि बाहिर कुरेर वा पत्रकारलाई सम्पर्क गरेर मतपरिणामबारे जानकारी लिने कोसिस गरिरहेका थिए । आयोगले पदाधिकारी र सदस्यको परिणाम एकै पटक सार्वजनिक गर्नेछ ।

विभिन्न दुर्घटनामा १२ को मृत्यु

काठमाडौं २९ असार ।(रासस)

अविरल वर्षासँगै गए राति छ्ट्टाछ्ट्टै स्थानमा गएको पहिरोमा परी छ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा चौतारा नगरपालिका-१ पिपलडाँडाका ५० वर्षीय नन्दलाल अधिकारी, ४० वर्षीया सावित्री अधिकारी र सानैदेखि काम गर्न बसेका ठेगना नखुलेका ४० वर्षीय रामबहादुर थिङ रहेको जिल्ला प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक भरतबहादुर बोहोराले जानकारी दिए । पहिरोमा परी अन्य चार सामान्य घाइते भएका छन् । घाइते हुनेमा मृतकका छोरा, बुहारी, छोरी रहेको बताइएको छ ।

आइतबार बिहान घटनास्थल मा पुगेका प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद पराजुलीको टोलीले मृतकको किरिया खर्चबापत जनही रु ४० हजार प्रदान गरेको छ । त्यस्तै पहिरले धुस्कुन-२ साउनेपानी निवासी ४० वर्षीया सुन्तली बिकको घटनास्थल र उनका श्रीमान् ५५ वर्षीय सोमबहादुर बिकको उपचारका लागि लैजँदै गर्दा मृत्यु भएको हो । यसैगरी भोटासिया-४ गाईखर्कमा घर भत्केर घरमा सुतिरहेकी ३० वर्षीया सानुमाया तामाङको घटनास्थलमै मृत्यु भएको छ । यसैगरी आइतबार बिहान परेको चट्याङले बाँके जिल्ला नौवस्ता गाविस-५ मा दुई जनाको मृत्यु भएको छ । खेतमा काम गरिरहेको अवस्थामा परेको चट्याङबाट सोही गाविसका १८ वर्षीय विनिता चौधरी र १५ वर्षीय प्रकाश चौधरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ । यसैगरी लेले गाविसस्थित महादेव खोलामा रहेको युनाइटेड सिमेन्ट प्रालिका नाममा दर्ता गरी लक्ष्मण सिलवालले सञ्चालन गर्दै आएको ड्डुगाखानीमा ड्डुगा निकालिरहेको अवस्थामा पहिरो आउँदा पुरिएर चार जनाको घटनास्थलमै मृत्यु भएको छ । मृत्यु हुनेमा लेले गाविस-४ का खानी सञ्चालक लक्ष्मण सिलवाल र सोही स्थानका श्याम तामाङ तथा सिन्धुपाल्चोक माडखा-२ का भूपेन्द्र चालिसे र सुनिल नगरकोटी छन् ।

WANTED

NOVEL ACADEMY -- education provider of MBA, BBA, BSc. Nursing, B. Pharm and A Level -- invites applications from young, dedicated and enthusiastic personnel.

Post: Microbiology Lecturer: 1 (Full time)
Requirements:
- Master degree with relevant experience.

Post: A Level Mathematics Lecturer: 1 (Part time / Full time)
Requirements:
- Master degree in Mathematics with relevant experience.
- Priority for science background.

Post: Front Desk Officer/Counselor: 1
Post: Receptionist: 1 (Female)
Time: 8am - 5pm
Requirements:
- BBA or equivalent degree pass for counselor and 10+2 pass for receptionist from an English medium College
- Good administrative and interpersonal skills
- Proficiency in office Computer & Email

Post: Librarian: 1 (Morning Shift)
Time: 6 am – 2 pm
Requirements:
- Min. 10+2 pass from an English medium College
- Good Knowledge of computing and Library software.

Post: Lab Boy: 1 (Full time)
Requirements:
- Diploma in Lab Technology or 10+2 Science Pass

Eligible candidates are asked to submit their application, CV, and academic certificates to:

NOVEL ACADEMY

पोखरा इन्जिनियरिङ कलेजको भर्ना सम्बन्धी सूचना

विगत १५ वर्षदेखि गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्दै आइरहेको यस कलेजमा शैक्षिकसत्र २०७१/०७१ का लागि ३ वर्षे Engineering का निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो ।

कार्यक्रमहरू :	
Diploma in Civil Engineering	- 48 Seats
Diploma in Computer Engineering	- 48 Seats
Diploma in Electronics Engineering	- 48 Seats
Sub-overseer Civil (15 Month Program)	- 40 Seats

आवश्यक न्यूनतम योग्यता: एस.एल.सी पास वा सो सरह
फाराम बुझाउने अन्तिम मिति : २०७१ श्रावण ५ गतेसम्म
प्रवेश परीक्षा : २०७१ श्रावण १० गते शनिबार, बिहान ८:०० बजे

विस्तृत जानकारीको लागि:
पोखरा इन्जिनियरिङ कलेज
फिर्के-८, पोखरा, फोन: ०६१-५३१२०९, ५२८५३०, ५२५९२६ वा www.pec.edu.np

नोट: यही असार १० गते दिउँसो २ बजे प्रवेश परीक्षा तयारी कक्षा संचालन हुन गइरहेकोले इच्छुक विद्यार्थीहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

पार्टेशन विक्रीमा

विभिन्न संघसंस्था या व्यवसायिक प्रतिष्ठानको कार्यालयको सजावटका लागि आवश्यक सिसाजडित काठको फ्रेमसहितको पार्टेशन सुपथ मूल्यमा विक्रीमा छ । आकर्षक कार्यालय बनाउन चाहने र पार्टेशन आवश्यक पर्ने व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला । साथै अन्य केही फर्निचर समेत उपलब्ध छन् ।

सम्पर्क : ९८५६०३४५०५

रेष्टुरेन्ट विक्रीमा

पोखरा-४, गैह्रापाटनमा अत्यन्त चालु अवस्थामा रहेको क्याफे एण्ड रेष्टुरेन्ट विशेषकारण वश तु-विक्रीमा छ ।
पहिला आउनेलाई विशेष ग्राह्यता

सम्पर्क : ९८४६०३७०८७

Accounting & Banking Training
MATCOSC नै किन ?
बस क्षेत्रमा नै सबैभन्दा पहिलो विगत १२ वर्षदेखि Bank officer, Management Expert तथा Auditor हरबाट Accouting Banking सम्बन्धी १००% Practical Training दिइ Bank, Company, School, Business Firm, NGO आदिमा प्यारेन्टीका साथ Job गर्नका लागि ।
Manual Accounting:
✧Business Accounting
(Hotel, Bank, NGO, School, Company)
✧VAT, Income Tax, Banking
Computrized Accounting:
✧Tally ERP.9, TATA E-X Next, Swastik & FINPRO
Mega Offer for +2, BBA/BBS Student
Free Admission, Certificate & Training Meterial
Contact :
MATCOSC
(Management Training & Consultant Service Centre)
Mahendrapool, pokhara (Tika Bhawan)
Ph. no: 061-540297, 9846384533

Study, Work & Live in
NEW ZEALAND
Intake June / Jully 2014
Why Study in New Zealand?
- New Visa Policies
- High Visa Success Rate
- High Chances for PR
- IELTS: Not Required*
- Pay Tuition Fees after AIP
- Post Study Work Permit
- Part Time Job Allowed (20 Hrs/Week & FT in Holidays)
Min Req: +2/'A'Level/ GED or eqvl. IELTS: Optional Levels: 5.6.7
Why Royal Int'l Edu. Network ?
- Experienced Team
- One on One Counseling
- NZQA's Colleges
- Part Time Job Search Assistance
- Airport Pick Up Facilities
- Accommodation Arrangements & many more...
ROYAL INTERNATIONAL EDUCATION
Pokhara office:
2nd Floor, Baras Mall Complex, Chipledhunga, 061 551041
E: info@royalien.com
W: www.royalien.com
Available Courses
Business, Accounting, Culinary Arts, IT, Computing, Nursing, Pilot Training, Travel & Tourism, Cooking Training, Hotel Management & many more...

■ तिम्रो शरीर पवित्र आत्माको मन्दिर हो ।

- बाइबल

सम्पादकीय . .

एमालेको नेतृत्व र अबको बाटो

नेपालको दोश्रो ठूलो दल नेकपा एमालेले राजधानीमा आयोजना गरेको नवौं राष्ट्रिय महाधिवेशनबाट आगामी कार्यकालका लागि नेतृत्व चयन प्रक्रिया अनितम अवस्थामा पुगेको छ र त्यसका लागि मतगणना जारी छ । जारी मतगणनामा केपी समूह अघि देखिएको र राजनीतिक विश्लेषकहरुले समेत ओपी पक्षले जित्ने अनुमान गरेका छन् । महाधिवेशनले देशभरका व्यक्तिहरुको ध्यान केन्द्रित गर्न सफल भए पनि पार्टीका नेताहरुबीचको गुटबन्दी सतहमा उजागर भएको देखियो । अधिवेशन अघि र पछि हुने घटनाले पार्टीको छविलाई प्रष्ट गर्ने छन् भने अहिलेलाई व्यवस्थित बनाउदा बनाउदै उद्घाटन सत्र मै विवाद र तनाव हुनु राम्रो होइन । सत्ता साझेदार रहेको पार्टीका नेताहरुको व्यवहारले जनतामा प्रतिकूल परिस्थिति पैदा गर्ने गरेको कटुसत्य बिर्सिनु हुन्न । एमाले नेतृत्वका लागि सो दलका वरिष्ठ नेता द्वय माधव कुमार नेपाल र के.पी. शर्मा ओलीबीचको प्रतिस्पर्धामा कार्यकर्ताहरुको दोहन दयनीय रुपमा देखा परेको थियो । प्रतिस्पर्धा हुन्छ र यो जहाँ पनि स्वच्छ हुनु पर्दछ । एमालेभित्र यस बारेमा जति स्वच्छ दावी गरिए पनि नेतृत्वको लडाई सतहमा देखा पऱ्यो । लोकतन्त्रमा नेतृत्व चयन गर्नु र प्रतिस्पर्धामा ओर्लनु ठीकै हो तर अनावश्यक बखेडा गरेर विवाद भिक्नुले गलत सन्देश जाने कुरा सम्झिनु पर्ने हुन्छ ।

वैचारिक भिन्नत आफ्नो ठाउँमा छ । पार्टी नेताकै कारण कार्यकर्ता भिड्ने र तोडफोडमा आउने अवस्था भोलिका लागि घातक हुनेछ । यद्यपि उद्घाटन सत्रमै अतिथिहरुले लोकतान्त्रिक अभ्यासमा एमाले अघि बढेकोमा प्रशंसा गरेको देखियो । पार्टीमा जो नेताले पनि नेतृत्व गरे आम जनता र कार्यकर्तालाई खासै फरक पर्दैन । पद ओगट्न आतुर नेता र कार्यकर्ताहरु क्षुद्र स्वार्थ पूरा गर्न भोलिका नेतृत्व आफ्नो पक्षधर हुनु पर्दछ भनी मरिमेटिनु अर्को पक्ष छ । कार्यकर्ताहरु ओली, खनाल र नेपालको नजर भन्दा पनि नेपाल देशले भोग्दै आएका कठिन समस्या, संविधान निर्माण, शान्ति स्थायित्व, महंगी नियन्त्रण, सम्पत्ति उपभोग र संरक्षणको अधिकार जगेर्ना र नागरिकका थावत् अधिकार कस्ले रक्षा गर्न सक्छन् र यसतर्फ आश लगाएको वेला एमाले नेतृत्व क्सरी कुरापति गम्भीर हुनेलाई कार्यकर्ताहरुले रुचाउने स्वाभाविक छ । संविधान निर्माणमा जनता एमालेको सक्रिय भूमिका खोजेका छन् । जनअपेक्षालाई बुझेर कार्यकर्ताहरुले आफ्नो निर्णय गर्नु पर्ने बेला छ । नेता ठूलो भन्दा एजेण्डा ठूलो हुनु जरुरी छ । नेपालको राजनीतिलाई समूहगत ढंगले जनताको पक्षमा अघि बढाउने र संविधान दिनेलाई मनपराउने जनता नेपालको निर्माणमा सघाउने नेतृत्व एमालेबाट खोजेको पाइएको छ । एमाले महाधिवेशनले जनताको भावनालाई सार्थक तुल्याउने नेतृत्व चयन गरोस् र प्रभावकारी कार्यहरु गर्न अवसर प्राप्त गरोस् भनी हामी पनि शुभकामना दिन चाहन्छौं । संक्रमणकाल लम्ब्याउने र जनचाहना लत्याउने, एजेण्डा, नीति र नेता चाहिएको छैन भनी अधिकांश जनताको भनाईसँग हामी पनि सहमत छौं । नेपालको उन्नति, प्रगति र समृद्धिका लागि ठूलो दलको राष्ट्रिय अधिवेशनमा कारगर नीति बनोस् र जनताको सपना पूरा हुने कार्य होस् । यही नै एमाले अधिवेशनको सन्देश प्रवाहित होस् भनेर चाहनेहरुको इच्छा पूरा गर्ने तर्फ सम्बद्ध व्यक्तिहरु प्रतिबद्ध रहुन् । जनइच्छा नै सर्वोपरि हुने हुँदा जनभावनाको कदर गरेर एमालेले ठोस कार्य योजना बनाउनु पर्ने आजको आवश्यकता रहेको छ ।

आजको पञ्चाङ्ग

आज मिति २०७१ साल आषाढ ३० गते आइतबार, तदनुसार जुलाई १४ सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३४, प्लवङ्गनामकह संवत्सर ह, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । ग्रीष्म ऋतु चल्दै छ । चान्द्रमान अनुसार श्रावणकृष्णपक्ष चलिरहेको छ । शौरमान अनुसार आज श्रावणकृष्णपक्षको द्वितीय तिथि १८ घटि ४ पला अर्थात दिनमा १२ बजेर ३२ मिनेटसम्म त्यसउप्रान्त तृतीया तिथि लाग्नेछ । आज सूर्य मिथुन राशिमा रहेको छ भने चन्द्रमा मकर राशिमा अहोरात्र र हुनेछ । आज दिनमान ३४ घटि १४ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर १८ मिनेटमा मैत्र मुहूर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ७ बजे हुनेछ ।

आजको राशिफल

मेष : धन प्राप्तिको योग रहेको छ, धार्मिक कार्यमा मन जानेछ, जतावाट पनि खुसीका खवरमात्रै प्राप्त हुनेछ ।

वृष : शैक्षिक क्षेत्रवाट लाभ पाइनेछ, आकस्मिक उपलब्धी हासिल घरेलु सुख शान्ति वढ्नेछ ।

मिथुन : आफ्नै व्यक्तिहरुबाट धोका पाइनेछ, घरेलु समस्याले सताउनेछ,कार्यमा व्यवधान आउनेछ ।

कर्कट : वैदेशिक रोजगारमा अवरोध आउनेछ,नर्याकार्यको थालनी नगर्नुहोला कार्य अधुरा हुनेछन् ।

सिंह : महत्वपूर्ण कार्ययोजना सम्पन्न हुनेछ, भौतिक सुखसमृद्धि वढ्नेछ, कार्य क्षमताको विकाश हुनेछ ।

कन्या : मन चञ्चल भई कार्यक्रममा विघ्नवाधा, मनपरेको वस्तुमा अवरोध, चिन्तापर्ने समाचार प्राप्त हुनेछ ।

तुला : गरेको प्रयास सफल हुनेछ प्रेमिकावाट सुख-सहयोग प्राप्त हुनेछ, जीवनशैलीमा सुधार आउनेछ ।

वृश्चिक : एक्कासि विवादमा फसिनेछ, विदेश भ्रमणमा अवरोध, आर्थिक समस्याले पिरोल्छ सर्तक रहनुहोला ।

धनु : दैनिक कार्यमा व्यवधान हुनेछ, पारिवारिक किचलोमा फसिनेछ, वायुरोगले सताउनेछ ।

मकर : आम्दानी भन्दा खर्चमा वृद्धि हुनेछ, स्वजनसँग मनमुटाव हुनेछ, मानसिक शिथिलता वढ्नेछ ।

कुम्भ : यात्रामा अवरोध आउनेछ, अशुभ समाचार प्राप्त हुने, दिनभर मनमा चिन्ता वढ्नेछ, धैर्य गर्नु आवश्यक छ ।

मीन : दिन अत्यन्तै शुभ रहेको छ, टाढाको यात्रा सफल हुनेछ, नविनकार्यमा लगानी गरेमा लाभ मिल्नेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

बागेश्वरी र सांग्रीला विकास बैंक गाभिए

गोल्डेन न्युज संवाददाता
पोखरा २९ असार ।

नेपालगञ्जमा केन्द्रीय कार्यालय रहेको बागेश्वरी डेभलपमेन्ट बैंक र पोखरामा केन्द्रीय कार्यालय रहेको सांग्रीला डेभलपमेन्ट बैंक एक आपसमा गाभिएका छन् । गाभिएपछी राष्ट्रिय स्तरको बनेको बैंकको नाम सांग्रिला डेभलमेन्ट बैंक लिमिटेड रहेको छ ।

नेपाल राष्ट्र बैंकका डिप्टी गभर्नर महाप्रसाद अधिकारीले आइतवार एक समारोहबीच बैंकको एकीकृत कारोवारको शुभारम्भ गरेका हुन । एक आपसमा १:१ शेयर अनुपातमा गाभिएका दुवै बैंकको तर्फवाट ३२-३२ करोड गरि कुल चुक्ता पुंजी रु. ६४ करोड पुरा गरि राष्ट्रिय स्तरको सांग्रिला डेभलमेन्ट बैंक लिमिटेडमा स्तरोन्नती भई आइतवारदेखि कर्पोरेट /शाखा कार्यालय न्यूरोड, काठमाण्डौवाट एकीकृत कारोवार शुभारम्भ गरेको बैंकका प्रमुख कार्यकारी अधिकृत राजेन्द्र प्रसाद पौडेलले जानकारी दिए ।

नेपाल राष्ट्र बैंकले ल्याएको मर्ज सम्वन्धी अवधारणाले वित्तिय क्षेत्र सवल, सुदृढ एवं परिमार्जित हुने बैंकको ठहर रहेको पौडेलले बताए । नेपाल अधिराज्यभर कार्यक्षेत्र रहने बैंकको चुक्ता पुजी ६४ करोड रहेको छ । बैंकको निक्षेप ६ अर्ब ४४ करोड, कर्जा लगानी ५ अर्ब १५ करोड रहेको छ । २४ शाखा संख्या, ६ वटा एटीएम काउण्टर, १५.९५ प्रतिशत पुजीकोष, २८० जना कर्मचारी रहेको बैंकले चैत मसान्तसम्म १८ करोड ८४ लाख सञ्चालन मुनाफा आर्जन गरेको बैंकका नायव प्रमुख कार्यकारी अधिकृत दिनेश थकालीले बताए । बैंकलाई राष्ट्रिय स्तरको विकास बैंकमा रुपान्तरण गर्न सहयोग गर्नुहुने नेपाल राष्ट्र बैंक, धितोपत्रबोर्ड, नेपाल स्टक एक्सचेन्ज, कम्पनी रजिष्ट्रार कार्यालय, स्थानिय रुपमा सहयोग गर्नुहुने विभिन्न सरकारी कार्यालयहरु विभिन्न संघ/संस्था, सम्पूर्ण ग्राहक महानुभावहरु, सम्पूर्ण शेयरधनी महनुभावहरु, सावीक बैंकका विगत देखि हाल सम्मका सञ्चालक समिति, मर्ज समिति, विभिन्न उप समितिहरु, सम्पूर्ण कर्मचारी परिवारहरु तथा सम्पूर्ण संचार क्षेत्र प्रति बैंक व्यवस्थापनले धन्यवाद व्यक्त गरेको छ ।

क्यान्सर रोग बारे सचेतना कार्यक्रम

गोल्डेन न्युज संवाददाता
पोखरा २९ असार ।

नेपाल अर्बुदरोग निवारण संस्थाको आयोजना तथा ज्ञानमार्ग स्वतन्त्र महिला समूहको सहयोगमा ज्ञानमार्ग, पोखरा-३ मा क्यान्सर रोग सम्वन्धि जानकारी अभिवृद्धिका लागि सचेतनामुलक कार्यक्रम २०७१ असार २८ गते सम्पन्न भयो । सचेतना कार्यक्रममा संस्थाका पशिक्षक प्रेमबहादुर भुजेलले क्यान्सर रोगको लक्षण र उपचार सम्वन्धी विविध पक्षवारे विस्तृत जानकारी दिएका थिए ।

त्यस्तै सह सचिव तथा प्रशीक्षक शान्ता गिरीले नेपालमा बढ्दो रुपमा रहेको पाठेघर तथा स्तन क्यान्सर सम्वन्धि लक्षण , उपचार जानकारी दिएका थिए । नेपाल अर्बुदरोग निवारण संस्थाका सभापति दिनेश शंकर पालिखेले सभापतित्वमा भएको कार्यक्रममा उनले संस्थाको गतिविधिबारे जानकारी समेत दिएका थिए । संस्थाका कार्य समिति सदस्य शान्तकुमार श्रेष्ठले स्वागत, ज्ञानमार्ग स्वतन्त्र महिला समूहका अध्यक्ष भोजमाया उदास र पूर्व अध्यक्ष सविता तामाङ लगायतले अर्बुदरोग सचेतना सम्बन्धमा भनाई राखेका थिए ।

कार्यक्रममा कार्य समिति सदस्य कृष्णमान मानन्धर लगायतले सहभागीहरुलाई क्यान्सर रोग र धुम्रपान सम्बन्धी ब्रोसरहरु वितरण गरिएको थियो । कास्की जिल्लामा क्यान्सर रोग तथा सुर्तिजन्य पदार्थको नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रम हरु विभिन्न संघसंस्था, समुदाय र विद्यालयमा संचालन गर्दै आईरहेको जानकारी संस्थाका सभापति दिनेश शंकर पालिखेले दिएका छन् ।

कामना विकास र ओम फाइनान्स गाभिदै

गोल्डेन न्युज संवाददाता
पोखरा २९ असार ।

कामना विकास बैंक लिमिटेड र ओम फाईनान्स लिमिटेडले मर्जरमा जानको लागि सैद्धान्तिक सहमति गरेका छन् । पोखराको सुजनाचोकमा केन्द्रिय कार्यालय रहेको कामना विकास बैंक लिमिटेड र पोखराको न्यूरोड प्रधान कार्यालय रहेको ओम फाईनान्स लिमिटेड बिच एक आपसमा मर्ज हुनको लागि सैद्धान्तिक सहमतिपत्रमा हस्ताक्षर भएको हो । सहमतिपत्रमा कामना विकास बैंकका अध्यक्ष राजेन्द्रनिधि कोईराला र ओम फाईनान्सका अध्यक्ष सुशिल कुमार गोशलीले हस्ताक्षर गरेका थिए । सहमति अनुसार दुबै संस्था पछि मर्जर पछि राष्ट्रिय स्तरको विकास बैंकमा स्तरोन्नति हुनेछ भने संस्थाको नाम ओम विकास बैंक लिमिटेड हुनेछ । मर्जर पछिको संस्थाको अध्यक्षमा ओम फाईनान्स लिमिटेडका अध्यक्ष सुशिल कुमार गोशली, प्रमुख कार्यकारी अधिकृतमा कामना विकास बैंकका प्रमुख कार्यकारी अधिकृत उमेश कुमार आचार्य र नायव प्रमुख कार्यकारी अधिकृतमा ओम फाईनान्सका महाप्रबन्धक बृद्धि मल्ल रहनेछन् । हाल कामना विकास बैंकको ९० वटा शाखावाट २ अर्ब ६० करोड निक्षेप तथा २ अर्ब १० करोड कर्जा लगानी रहेको छ । त्यसैगरि ओम फाईनान्सको ९ वटा शाखावाट ४ अर्ब ४३ करोड निक्षेप तथा ३ अर्ब ४६ करोड कर्जा लगानी रहेको छ । मर्जर पछि हुने नयां संस्थाको निक्षेप ७ अर्ब ३ करोड तथा कर्जा ५ अर्ब ५६ करोड पुग्ने जारी पेस विज्ञप्तिमा जनाईएको छ ।

आधारभूत पत्रकारिता तालिम सकियो

गोल्डेन न्युज संवाददाता
पोखरा २९ असार ।

नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिजं) कास्की शाखाको आयोजनामा शुक्रवारदेखि सञ्चालित तीन दिने आधारभूत पत्रकारिता तथा उद्घोषण तालिम आइतवार सम्पन्न भएको छ । तालिमको समापनका अवसरमा बोल्दै प्रमुख अतिथि एवं नेपाल आदिवासी जनजाति महासङ्घ जिल्ला समन्वय परिषद् कास्कीका कार्यवाहक अध्यक्ष पूर्णबहादुर रानामगरले राज्यको चौथो अङ्ग मानिने पत्रकारिता क्षेत्रको विकासका लागि फोनिजं कास्कीले सकारात्मक भूमिका खेल्दै आएको बताए । पत्रकारिता तथा उद्घोषण तालिमले व्यक्तिको आन्तरिक क्षमतालाई बाह्य रूपमा प्रस्फुटन गराउन सहयोग पुग्ने भन्दै नेपाल मगर सङ्घ कास्कीका अध्यक्ष समेत रहेका रानामगरले तालिमका सहभागीलाई सिकेका कुरा व्यवहारमा उतार्न आग्रह गरे । तालिमका प्रमुख प्रशिक्षक एवं फोनिजं कास्कीका सल्लाहकार दीपेन्द्र श्रेष्ठले निरन्तर अभ्यास नगरेसम्म कुनै पनि कुरा सिक्न नसकिने भन्दै तालिममा सिकेका कुराहरू अभ्यासमा व्यवहारमा उतार्न आग्रह गरे । तालिमका समापन सत्रमा फोनिजं कास्कीका उपाध्यक्ष सुष्मा पौडेल, हुमबहादुर गुरुङ, रूद्रबहादुर श्रीसमगर र रोशनी गुरुङले प्रशिक्षण दिएका थिए ।

स्याङ्जा उवासंघको टोलीलालाई स्वागत

पोखरा २९ असार ।(गोल्डेन)

एक गाउ एक उत्पादन कार्यक्रम संचालित जिल्ला तथा नगर उद्योग वाणिज्य संघको अध्ययन अवलोकन भ्रमणको क्रममा लेखनाथ आईपुगेको स्याङजा उद्योग वाणिज्य संघको भ्रमण टोलीको सम्मानमा लेखनाथ उद्योग वाणिज्य संघले स्वागत एवं छलफल कार्यक्रम आयोजना गऱ्यो ।

लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष बाबुराम गिरीले आफ्नो संघका गतिविधिहरु र एक गाउँ एक उत्पादन लगायत संचालित कार्यक्रमबारे जानकारी गराउनुभएको थियो । स्याङजा उद्योग वाणिज्य संघका अध्यक्ष बाबुराम गिरीले आफ्नो संघका गतिविधिहरु र एक गाउँ एक उत्पादन लगायत संचालित कार्यक्रमबारे जानकारी गराउनुभएको थियो । स्याङजा उद्योग वाणिज्य संघका अध्यक्ष बाबुराम गिरीले आफ्नो संघका गतिविधिहरु र एक गाउँ एक उत्पादन लगायत संचालित कार्यक्रमबारे जानकारी गराउनुभएको थियो । लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष बाबुराम गिरीले आफ्नो संघका गतिविधिहरु र एक गाउँ एक उत्पादन लगायत संचालित कार्यक्रमबारे जानकारी गराउनुभएको थियो ।

सैनिक स्कूलमा बजेट समिक्षा

पोखरा २९ असार ।

सैनिक आवासीय महाविद्यालय पोखराको समिक्षालयमा आर्थिक वर्ष २०७१/७२ को वार्षिक बजेट माथि समिक्षात्मक कार्यक्रम सम्पन्न भयो । महाविद्यालयको व्यवस्थापन विभागद्वारा आयोजना गरिएको सो कार्यक्रममा महाविद्यालयका अर्थशास्त्र विभागका प्रमुख पी.जी.टी. नवराज बरालले अर्थमन्त्री डा. रामशरण महतले प्रस्तुत गरेको आ.व. ७१/७२ को बजेट माथि विश्लेषणात्मक टिप्पणी राख्दै यस बजेटको राम्रा र नराम्रा पक्षको उजागर गरेका थिए । विशेष गरेर कृषि क्षेत्रमा यस वर्षको बजेटले राम्रो सम्बोधन गरेको र ठूला उद्योगहरूलाई दिइएको करको छुटले एफ.डी.आई. अर्थात प्रत्यक्ष वैदेशिक लगानीलाई प्रोत्साहन दिएर देशलाई विकासको अग्र गमन तर्फ लाने सम्भावना रहेको बताए । यसै क्रममा विद्यार्थीहरूको जिज्ञाशाको पनि जवाफ दिएका थिए। महाविद्यालय को प्राचार्य खेमराज देवानले समापन मनतव्य राख्दै यस्ता खाले बौद्धिक कार्यक्रमहरूले विद्यार्थीहरूको विश्लेषणात्मक क्षमतामा वृद्धि हुने बताएका थिए ।

(निरोज बजगाई/विद्यार्थी पत्रकार)

आवश्यकता

महेन्द्रपुल नजिकै उत्पादन संस्थालाई थप केही साधारण शिक्षित तथा अशिक्षित महिला गृहणीको आवश्यकता ।

अगरवति बनाउनेमा- महिला गृहणी, युवती- २१ जना

पोष्ट कार्ड बनाउनेमा- युवा/युवती/विद्यार्थी-१६ जना

✧शिरमूकुक तालिम सहित रोजगारको १००% ग्यारेन्टी
✧तलव कामको इज्जत तथा क्षमताको आधारमा मासिक ६,०००।- भन्दा बढी कमाउन सकिने।
✧आफ्नै घरमा सामाजी लेवेर जुलुकै समयमा काम गर्न सकिने ।

सम्पर्क : ९८४६७०८१७१, ९८१६६३७३५१ महेन्द्रपुल, पोखरा

घडेरी विक्रीमा

पोखरा-४, गैह्रापाटबाट तेर्सापट्टि निस्कने भित्रि पिच बाटोमा ६६ हात मोहडा र ४२ हात पिछाड भएको घडेरी विक्रीमा छ ।
नोट : टुक्रा गरेर पनि विक्री गर्न सकिनेछ ।
सम्पर्क: ९८४६०७६६०० ९८१६७०४३७०

फेन्सी पसल विक्रीमा

पोखराको व्यस्त बजार चिप्लेढुङ्गामा अवस्थित अत्यन्त चालु अवस्थामा रहेको फेन्सी पसल उचित मूल्यमा विक्रीमा छ ।
सम्पर्क : ९८५६०३१४१२ ९८०५१६७१८०

नयाँ र पुराना कम्प्युटरहरू खरिद बिक्री गर्नुपरेमा

के तपाईंसंग पुराना कम्प्युटरहरु छन् ?
पुरानो कम्प्युटर र ल्यापटप ल्याउनुहोस र नयाँ लैजानुहोस वसका साथै हामीकाहाँ कम्प्युटर मर्मत तथा नयाँ पुराना कम्प्युटरहरू किनवेच गरिन्छ ।
नोट : पोखरा भ्याली मित्र होम सर्भिसको व्यवस्था छ ।
Online Computer Institute
न्यूरोड ४, पोखरा (नगरपालिकाको कार्यालय पछाडि)
सम्पर्क : ९८४६६१७२२७, ९८०२८३३२४२

चाया, पोतो र डण्डिफोर Bye Bye

✧ चाया, पोतो, डण्डिफोर र मखियालाई एक हप्तामा नै हटाइनुका साथै गोरोपना बढाइने

यही Orginal Korean Cosmetic Product पाइनेछ ।
✧साथमा मोटोपन घटाउने र बढाउने पनि ।
✧कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
✧सेतो कपालालाई ५ मिनेटमा नै कालो बनाउने
✧महिनामा ने १-३ इन्च हाइट बढाउने Step-Up.
✧चाउरिपना हटाउने
✧पिनासका लागि सफल उपचार ।
✧व्याक्टिरिक उपचार
✧Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने ।
✧थाई नदिइ जाड, रक्सीका साबै घुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।

Skin Test गरिन्छ ।

पाठ, कम्मर, हात घुट्टाका जोर्नीहरुको दुखाइ कम गर्ने

नेपालकै नं. १ *Aloevera Juice* हामीकाहाँ पाइन्छ ।

बिहानी ब्यूटी ट्रेडर्स
चिप्लेढुङ्गा, पोखरा-४, फोन: ९८४६१५४१८८, ०६१-५२४५५४
(मल्ल इम्पोरियमको अगाडि डा कम्लेस्स भन्दा ईई घर तल)

तुरुन्त खानेपानी चाहिएमा

मेनेजर: ९८४६२४३७७
अफिस: ०६१-४६६४७९
ट्यांकर: ९८४६२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५
दीप रक वाटर सप्लायर्स
मितेरी गाउँ-१५, पोखरा

"रंगहरूको अजित्म गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
सर्वसुलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

खानेपानी चाहिएमा

मिनरल वाटर र जार पानी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोला ।
सम्पर्क
भद्रकाली सप्लायर्स
काहुबोलाचोक, बार्वा-१,
फोन : ०६१-५३९०६०
९८५६०३७६६६

रेष्टुरेन्ट विक्रीमा

पोखराको नयाँबजारस्थित अत्यन्त चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणवश तु-विक्रीमा छ ।
सम्पर्क :
९८४६६०४०३८

घर घडेरी विक्रीमा

पोखरा उपमहानगरपालिका वडा नं. ११, १२ र १३ मा रहेको आकर्षक घर र घडेरीहरू विक्रीमा छन् ।
मो.: ९८१४१४४३४३
९८०६७९९६८०

तपाईले पढ्ने पर्ने पत्रिका
गोल्डेन न्यूज दैनिक
तपाईले सुन्ने पर्ने एफ.एम.
102.2 sunaulo fm

कर्म-कर्ण पत्रकारिता पुरस्कारबाट मगर पुरस्कृत

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ असार ।

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) कास्कीद्वारा सञ्चालित कर्म-कर्ण आदिवासी जनजाति युवा पत्रकारिता पुरस्कार-२०७१ बाट हर्कबहादुर आलेमगर पुरस्कृत भएका छन् । तमु धिं नेपालका अध्यक्ष कर्म तमुद्वारा आफ्नो ३२ औं वैवाहिक वर्षगाँठको अवसरमा स्थापित पुरस्कारको तेश्रो वर्षको पुरस्कार वितरण कार्यक्रमका प्रमुख अतिथि कास्कीका प्रहरी प्रमुख, प्रहरी उपरीक्षक बसन्तकुमार लामाले, पुरस्कारदाता तमु धिं नेपालका अध्यक्ष कर्म तमुको श्रीमान कर्णबहादुर तमु, तमु धिं नेपालका कार्यवाहक अध्यक्ष कर्णेल रामकाजी तमु, प्रतिभा छनौट समितिका संयोजक फोनिज कास्कीका सल्लाहकार राजबहादुर तमु, फोनिज कास्की अध्यक्ष हुमबहादुर तमुले ५ हजार एक रुपैया, सम्मानपत्रले पुरस्कृत गरहेका हुन् । फोनिज कास्कीका अध्यक्ष हुमबहादुर तमुको अध्यक्षतामा तमु धिं नेपाल नर्याँबजारमा आयोजित कार्यक्रमका प्रमुख अतिथि एसपी बसन्तकुमार लामा, पुरस्कृत वरिष्ठ सञ्चारकर्मी हर्कबहादुर आलेमगर, तमु धिं नेपालका कार्यवाहक अध्यक्ष कर्णेल रामकाजी तमु, रेडियो अन्नपूर्णका पवन्द निर्देशक सुनयना पालिखे, प्रतिभा

छनौट समितिका संयोजक राजबहादुर तमु, रेडियो अन्नपूर्णका प्रमुख कार्यकारी अधिकृत, फोनिज कास्कीका सल्लाहकार दीपेन्द्र श्रेष्ठ, फोनिज कास्कीका सल्लाहकार सरस्वती तमु लगायतले आ-आफ्नो भनार्य राखेका थिए । कार्यक्रममा फोनिज कास्कीका सदस्य देविजंग तमुले स्वागत र उपाध्यक्ष रुद्र श्रीस मगरले सञ्चालन गरेका थिए । यसअघि पत्रकार गीता तमु र तिलक पुन पुजा पुरस्कृत भईसकेका छन् ।

अपाङ्गलाई बलत्कार गर्ने पक्राउ

स्याङ्जा २९ असार ।

अपाङ्ग महिलालाई बलात्कार गर्न खोजेको आरोपमा स्याङ्जामा एक व्यक्ति पक्राउ परेका छन् । स्याङ्जाको ढापुक सिमलभञ्ज्याङ ४ का २९ वर्षीय कोरा साइला भन्ने इमानसिंह गुरुङलाई प्रहरीले पक्राउ गरेको हो । गुरुङ र सोही ठाउँ बस्ने २२ वर्षीय नवीन गुरुङले स्थानीय अपाङ्गता भएकी महिलालाई जबर्जस्ती करणी गर्न खोजेको आरोपमा पक्राउ गरिएको बडा प्रहरी कार्यालय वालिङका प्रहरी निरीक्षक हरिकृष्ण केसीले बताउनुभयो । तर नवीन गुरुङ भने फरार छन् । उनको खोजी भइरहेको छ । रासस

बगाएर मृत्यु

चितवन २९ असार ।

अविरल वर्षापछि आएको बाढीले बगाएर चितवनको माडीमा आइतवार एकजनाको मृत्यु भएको छ । माडीको वगौडा-८ ब्रम्पुरीकी ६० वर्षीया इशारा विकको बाढीले बगाएर मृत्यु भएको इलाका प्रहरी कार्यालय माडीले जनाएको छ । प्रहरीका अनुसार विकलाई वाँदरमुढे खोला तर्ने क्रममा एक्कासि बढेको बाढीले बगाएको थियो । माडीमा अहिले पनि वर्षा र बाढीको प्रकोप जारी रहेको छ ।

विग आईकनमा उत्कृष्ट २५ प्रतियोगी छनौट

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ असार ।

छैठौं चरणसम्म आईपुग्दा सामसुङ ग्यालेक्सी नियो विग आईकनमा उत्कृष्ट २५ जना प्रतिस्पर्धीहरु बचेका छन् । आईतवार भएको उत्कृष्ट ३० प्रतिस्पर्धीहरुको प्रतिस्पर्धाबाट पाँच जना एलिमिनेट भएपछि प्रतिस्पर्धीहरु २५ जनामा सिमित भएका हुन् । आईतवार भएको संगीत राउण्डको अडिसनपछि नेहा अधिकारी, विमल तामाङ, कुशल भुजेल, मुगेन्द्रमान कर्माचार्य र सुमेन्द्र थकाली बाहिरिएका हुन् । प्रतिभाहरुको प्रस्तुतीका आधारमा निर्णायकहरुले निर्णय गरेका थिए । अहिले छनौट भएका २५ प्रतिस्पर्धीहरु अर्को चरणमा उत्कृष्ट २० का लागि प्रतिस्पर्धा गर्ने एफएमले जनाएको छ ।

विग आईकनको पहिलो चरणको अडिसनमा ५० जिल्लाका ८ सय ९० प्रतिस्पर्धीहरुले सहभागिता जनाएका थिए । विजेता बन्नका लागि प्रतिस्पर्धीहरुले १९ वटा चरण पार गर्दै सम्पूर्ण सहभागीहरुलाई पछाडि पार्नुपर्नेछ ।ख नेपालकै सर्वाधिक पुरस्कार राशि भएको रियालिटि शो केरिब दुई महिनासम्म चल्नेछ । यसपटक विग आईकन बन्ने प्रतियोगीले १ लाख ६० हजार रुपैया बराबरको पियाजिओ स्कुटर प्राप्त गर्नुका साथै ब्रिटिश कलेजको स्पोन्सरसिपमा एक हप्ते वेलायतको सांगीतिक भ्रमणको मौका पाउनेछन् । यस्तै दोश्रो हुनेले ७५ हजार रुपैया बराबरको पुरस्कार प्राप्त गर्नेछन् भने तेश्रो हुनेले ५० हजार रुपैया बराबरको पुरस्कार प्राप्त गर्ने एफएमले जनाएको छ ।

Study in Switzerland & Poland

❖Intake Sep./Oct.
❖No IETS/TOFELS
❖Pay After Visa
❖Gap uo-to 5 years
❖Part time job 20 hour Per Week
❖High chance of Visa

Contact
Career Makers Education Pvt.Ltd.
Panthigalli, Chipledhunga, Pokhara-4
Tel: 061-523454, 9846040874

विदेश जानेहरुका लागि सुवर्ण अवसर

हार्दिक सम्वेदना

जन्म: १९९१
स्वर्गारोहरण: २०७१/०३/१८ गते

स्व. गंगाकुमारी भुजेल

भुजेल समाज सेवा समिति पोखरा-१७ वडा इकाइकी सदस्य, चारघरे, फेदीखोला-६, स्याङ्जा निवासी **गंगाकुमारी भुजेल**को असामयिक निधनले हामी अत्यन्तै मर्माहत बनेका छौं । उहाँको निधन भएको आज ७३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शन्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शाक्ति ईश्वरले प्रदान गरुन भनि **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

प्रेमबहादुर भुजेल
अध्यक्ष एवं
भुजेल समाज सेवा समिति परिवार, पोखरा-१७

हार्दिक सम्वेदना

जन्म: २००२
स्वर्गारोहरण: २०७१/०३/२८

स्व. ईन्द्रमाया शाक्य

यस संस्थाका संस्थापक सदस्य सुश्री **ईन्द्रमाया शाक्य**को स्वास्थ्य उपचारको क्रममा मिति २०७१ साल आषाढ २४ गते मंगलबारका दिन ६९ वर्षको उमेरमा भएको दुःखद् निधनप्रति करुणा बचत तथा ऋण सहकारी संस्था लि. परिवार गहिरो शोक प्रकट गर्दछ । दिवंगत हुनभएका ईन्द्रमाया शाक्यको आत्माको चिरशान्तिको कामना गर्दै आज सातौं दिनको पुण्य तिथिमा **हार्दिक श्रद्धाञ्जली** व्यक्त गर्दै दुःखको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भनी भगवानसंग प्रार्थना गर्दछौं ।

करुणा बचत तथा ऋण सहकारी संस्था लि.
परिवार, पोखरा-१, मोहरियाटोल

किचन चिम्नी होलसेल मूल्यमा

Omni Brand का Glasshood Kitchan Chimney हरु होलसेल मूल्यमा ।

Omni Brand का Kitchen Hubs, Solar Water, Heater,Gas gueser तथा Water Purifier हरु अत्यन्त सुथ मूल्यमा खरिद तथा मर्मत गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

पोखराका लागि आधिकारिक विक्रेता
न्यू पायोनियर इन्टरनेशनल, रानीपौवा, पोखरा-११
फोन : ०६१-५२७५१८, मो. : ९८५६०२५३७०

FIRST TIME IN NEPAL, FIRST TIME IN POKHARA

❖यौन पुरुष : लिङको साइज बढाउन, यौन क्षमता बढाउन, मासपेशी, दिलापन, टेढापन, हटाउन, **पूरा रहात रात पर्फाउन,** Herbal Livetra, Hormotex, Maxman.
महिला : स्तन चाहेजति विकास गर्न, घटाउन, टाइट गर्न गुप्ताङ्ग- Teenager जस्तो कसिलो बनाउन
चिरा-पेट र सतनमा हुने सेतो धर्सा हटाउन
❖केश झर्न तुरुन्नै रोक्री उमार्ने हेयर टनिक मात्र ५००।-
❖मुहार चम्काउने 'रूप अमृत (Indian) मात्र १०५०।-
❖उचाइ बढाउन **Step up** (नक्कटे पैसा फिर्ता)
❖तौल बढाउने आयुर्वेदिक अचुक औषधि मात्र १५००/- (महिनामा ७-१० Kg बढाउने)
❖**थाहै नदिई ३ दिनमै जाँड रक्सीको कुलत हटाउन**
❖तौल घटाउने जापनिज deit मात्र २५००।-
❖दाढ तथा जोनी दुवाइ ठीक पार्ने सन्धीसुधा, पेनलिन

✱ तौल घटाउन Slim 24 pro

पोखरा हर्बल होम्स
(भाटभटेनीको अगाडि)
न्यूरोड, पोखरा
061-539070, 9846053817, 9804122919

हार्दिक सम्वेदना

जन्म: २००२
स्वर्गारोहरण: २०७१/०३/२८

स्व. ईन्द्रमाया शाक्य

यस श्री सूर्य विनायक सि गुठी कार्यालय सदस्य सुश्री **ईन्द्रमाया शाक्य**को स्वास्थ्य उपचारको क्रममा मिति २०७१ साल आषाढ २४ गते मंगलबारका दिन ६९ वर्षको उमेरमा भएको दुःखद निधनप्रति श्री सूर्य विनायक सि गुठी परिवार गहिरो शोक प्रकट गर्दछ । दिवंगत हुन भएका ईन्द्रमाया शाक्यको आत्माको चिरशान्तिको कामना गर्दै आज सातौं दिनको पुण्य तिथिमा **हार्दिक श्रद्धाञ्जली** व्यक्त गर्दै दुःखको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भनि भगवानसंग प्रार्थना गर्दछौं ।

श्री सूर्य विनायक सि गुठी परिवार
पोखरा

खुशीको खबर ! खुशीको खबर !!

के तपाई कम्प्युटर बिग्रिएर समस्यामा हुनुहुन्छ ? यदि तपाई घर तथा अफिसमै आएर कम्प्युटर मर्मत गर्ने ठाउँको खोजीमा हुनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।
सेवा दिने स्थानहरु : पोखरा भ्यालि, लेखनाथ र तनहुँ
Mycomputersathi.com
❖website Design & Development
❖Online Radio streaming Service
Mycomputersathi, Buddhachowk, Pokhara-10
Contact: 9746014694, 9804160688, 9846444087
Email : mycomputersath, Skype : mycomputersathi
Website : www.mycomputersathi.com

खुशीको खबर ! खुशीको खबर !!

सस्तो, भरपर्दो, छिटो र विश्वासिलो माध्यमबाट देश तथा विदेशमा चिठीपत्र, पार्सल एवं कार्गो पठाउनु परेमा हामीलाई सम्झनुहोस् । साथै बस, जहाज र मनकामना केबलकारको टिकट समेत हामीकहाँ पाइन्छ ।

सम्पर्क
WorldTouch Cargo & Courier Pvt.Ltd.
(सम्पदा कम्प्लेक्स) चिप्लेढुङ्गा, पोखरा, फोन ०६१-५३२५०२, ९८०६७३८३००

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या: सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग घिलाउने, स्वाद दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिनावारी गडबडी, सेतोपानी बग्ने, योनी घिलाउने, तल्लो पेट दाह कम्मर दुखे, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन छाताभाग कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई कैहि दिनमै छुटाउने
सुन्दरता:- कालो चाया पोतो, इण्डिफोर, दाग धब्बा, मस्किया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुखी पातलो शरिरको तौल चलाउने साथै मोटो पन घटाउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिलास, पाइल्स, दम साथै बाथ, दाढ कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचौक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, ०६-१२२५५५८, मो. ९८४६१३७४१२

हामी सरेका छौं

न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१-५४१९३५, ०६१-२२९८३७

पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्,
नयाँ जस्तै बनाएर लैजानुहोस् ।
त्यो पनि सस्तोमा

Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions

अत्याधुनिक मेसिनद्वारा कार्टिज सफा गरी प्रेस स्याटेलाईटीका साथ टोनर रिफिलिङ
Mono/Color (A4/A3)

इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित
गण्डकी कम्प्युटर्स
... the printer house

पोखरा विश्वविद्यालय
व्यवसायपन संकाय
निखनाथ, भ्यासी, पोखरा, फो. नं. ०६१-५१५८४७

सूची पर्ने गराउने सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति २०७१/०३/३०)

यस संकायका लागि आ.व. २०७१/७२ मा आवश्यक पर्ने तलसील कार्यालयका विभिन्न सामान तथा सेवाहरु आपुर्ती गर्न गराउन सर्वसाधारण सुचित विज्ञापनको २०६४ कार्तिकमा बोलपत्र सूचि तयार गर्नु पर्ने भएकाले बोलपत्र पुनिका इच्छुक सम्बन्धित कार्यका इजाजत प्राप्त रजिष्ट्रर्ड व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले आफूले आपुर्ती गर्ने सामान तथा प्रदान गर्ने सेवा एवं कार्यहरुको छुट्टाछुट्टै विवरण उल्लेख गरि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समक्षमा यस कार्यालयका सूची दर्ताका लागी आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

आपुर्ती गर्नुपर्ने सामान तथा सेवाहरु
१.स्टेशनरी सामान आपुर्ती सम्बन्धी कार्यहरु
२.छपाई सम्बन्धी विविध कार्यहरु
३.फर्निचर आपुर्ती तथा ग्रहण सम्बन्धी
४.इलेक्ट्रीकल आपुर्ती तथा मर्मत सम्भारी
५.इलेक्ट्रिकल सामानहरु (ट्युब्स, एसी, तार, पोल तथा अन्य विद्युती सामानहरु) आपुर्ती तथा ग्रहण सम्बन्धी
६.इलेक्ट्रोनिक्स सामानहरु (कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन, यु.पि.एस, फ्याक्स मेशिन, टोनर, कार्टिरेज मेशिन, इन्भरगेटको सामानहरु, पि.सि.आमाला आदी) आपुर्ती तथा मर्मत सम्बन्धी
७.सूचना / विज्ञापन प्रकाशन तथा प्रसारण सम्बन्धी कार्य
८.फेनकुट सामान तथा उपहारका सामान आपुर्ती सम्बन्धी
९.हलुका सवारी साधन तथा मोटर साइकल (पार्टपुर्जा समेत र मेमेरेन्टर मर्मत) आपुर्ती तथा मर्मत सम्बन्धी
१०.हाईस / खाने पानी / छाना तथा यातायात साधनी कार्य

दस्खालका साथ पेश गर्नुपर्ने कागजातहरु
१.फर्म दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि
२.स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि
३.आ.व. २०६९/७० सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

डीनको कार्यालय
व्यवस्थापन संकाय, पो.वि.

देशभर कुष्ठरोगीको सङ्ख्या घट्नेक्रममा

गोल्डेन न्युज संवाददाता
पोखरा २९ असार ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कुष्ठरोग नियन्त्रण महाशाखाको आयोजनामा कुष्ठरोग निवारण पछिका चुनौति विषयक राष्ट्रिय गोष्ठि आईतबार पोखरामा सम्पन्न भएको छ। देशभरका कुष्ठरोग अधिकृत तथा सुपरीवेक्षकहरुका लागि गरिएको गोष्ठीमा विभिन्न शीर्षकका ९ वटा कार्यक्रम प्रस्तुत गरिएको थियो।

कार्यक्रममा कुष्ठरोगको राष्ट्रिय कार्यक्रमको अवस्था तथा बजेट सम्बन्धि कार्यपत्र प्रस्तुत गर्दै कुष्ठरोग महाशाखाका निर्देशक चुडामणि भण्डारीले गत आर्थिक वर्षमा देशभरबाट ३ हजार २ सय ५३ जना कुष्ठरोगका नयाँ विरामी फेला परेको जानकारी दिए। चालु आर्थिक वर्षको ८ महिनामा चाहि देशभरमा २ हजार ९५ जना कुष्ठरोगी भेटिएको तथ्यांक छ। तराई का जिल्लाहरुमा बढि कुष्ठरोगीहरु रहेको भन्दै उनले नेपाल, २०६६ सालमै कुष्ठरोग निवारण भएको घोषणा भएपनि अझै निर्मूलको चरणमा पुग्न नसकेको बताए। प्रति १० हजार जनामा १ जना भन्दा कम कुष्ठरोगी रहेमा कुष्ठरोग निवारण घोषणा गरिन्छ भने स्वास्थ्य सेवा विभागले सन २०५० सम्ममा नेपालले कुष्ठरोग निर्मूल भएको घोषणा गर्ने लक्ष्य लिएको छ।

कार्यक्रममा कुष्ठ प्रभावितहरु को आवाज शीर्षकमा आईडिया नेपालका अध्यक्ष पार्वती वली, स्वास्थ्य सस्थादेखि रेफरल सेन्टरसम्म गुणस्तरीय स्वास्थ्य सेवा शीर्षकमा राष्ट्रिय कुष्ठरोग संजालका डाक्टर केपी ढकाल र विके पन्त, स्वस्थ्य जनशक्ति र उनिहरुको क्षमता विकास शीर्षकमा वरिष्ठ कुष्ठरोग सुपरिवेक्षक मिष्ठारम थापा, क्षयकुष्ठ अधिकृत बसन्तलाय भट्टराई र ऋषिराम भण्डारीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। यसैगरि कुष्ठरोग सम्बन्धि सफ्टवेयरको परिचय र विकासका बारेमा इन्जिनियर रविन रेग्मी र केशव क्षेत्री, एनजिओ, आईएनजिओ तथा निजि स्वास्थ्य संस्थाहरुसँगको सहकार्यका बारेमा डाक्टर केशव योगी र कृष्णप्रसाद जैसी, कुष्ठरोगको नयाँ कार्यक्रम, कुष्ठरोग नियन्त्रणका श्रोतहरु र औषधी व्यवस्थापनको ईतिहासका बारेमा कुष्ठरोग महाशाखाका निर्देशक चुडामणि भण्डारी, कुष्ठ प्रभावितहरुका लागि चिकित्सकीय तथा समुदायमा आधारित पुर्नस्थापना कार्यक्रमका बारेमा नन्दु बास्तोला र बायोमेडिकल, अर्पसनल रिसर्चका बारेमा आनन्दवन हस्पिटलका डाक्टर कपिलदेव न्यौपाने र विष्णु ढुंगानाले कार्यपत्र प्रस्तुत गरेका थिए।

प्रस्तुत कार्यपत्रहरु माथि कुष्ठरोग सम्बन्धमा विभिन्न क्षेत्रमा कार्यरत अधिकृत र सुपरिवेक्षकहरुले टिप्पणी गरेका थिए। महाशाखाका निर्देशक चुडामणि भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयका क्षयकुष्ठ अधिकृत रेकबहादुर थापाले स्वागत मन्तव्य राख्दै पोखरा र आसपासमा रहेका पर्यटकीय क्षेत्रहरुको बारेमा जानकारी दिए। उनले पश्चिमाञ्चलमा गत आर्थिक वर्ष ६९/७० मा ४९० जना नयाँ कुष्ठरोगका विरामी देखिएको बताए। पश्चिमाञ्चल विकास क्षेत्रलाई राष्ट्रिय रुपमा केष्ठरोग निवारण घोषणा हुनु १ वर्ष अघि २०६५ सालमै कुष्ठरोग निवारण क्षेत्र घोषणा गरिएको थियो। क्षयकुष्ठ अधिकृत पदम केसीले संचालन गरेको कार्यक्रममा स्वास्थ्य सेवा विभागका डाक्टर नेहाल सिंह, जीर अस्पतालका डा.भाष्करमोहन कायस्थ, पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य तालिम केन्द्रका निर्देशक सुनिलराज शर्मा, क्षयकुष्ठ संघ नेपालका केन्द्रिय अध्यक्ष देवी गुरुङ लगायतले बोलेका थिये। कार्यक्रममा ७५ वटै जिल्लाका जनस्वास्थ्य कार्यलयका प्रतिनिधि र ५ विकास क्षेत्रका क्षेत्रीय स्वास्थ्य निर्देशनालयका प्रमुख तथा प्रतिनिधि गरि १ सय २५ भन्दा बढिको सहभागिता रहेको जिल्ला जनस्वास्थ्य कार्यालय कास्कीका क्षयकुष्ठ अधिकृत वसन्तनाथ भट्टराईले जानकारी दिए।

६ खर्ब...

छुट्याएको अर्थमन्त्रीले बताए।

वर्तमान सरकारका साझा विकासका कार्यक्रम कार्यान्वयन, मुलुकको समग्र आर्थिक विकास, अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति गर्ने लक्ष्य प्राप्तिका लागि योजनाबद्ध कार्यक्रम एवम् मार्गाचित्र निर्माण, जनताले प्रत्यक्ष अनुभूत गर्न सक्ने गरी बजेट बनाइएको उनले बताए। चालु आवको आर्थिक वृद्धिदर ५.२ हुने अनुमान गरिएको र त्यो विगत छ वर्षकै उच्च भएको उल्लेख गर्दै उनले औसत मुद्रास्फीति ९ प्रतिशतमा रहने बताए। चालु खाता रु ७८ खर्ब तीन करोडले बचतमा रहेको तथा गरिबी २३.८ प्रतिशतमा झरेको जानकारी दिँदै उहाँले अर्थतन्त्रमा निजी क्षेत्रको सुदृढ उपस्थिति तथा सहकारी गतिविधिले अर्थ व्यवस्था गतिशील रहेको अर्थमन्त्रीले उल्लेख गरे।

आर्थिक परिसूचकहरू सकारात्मक रहँदाने आर्थिक विकासको गतिलाई द्रुतरुमा अघि बढाउनु चुनौतीपूर्ण रहेको स्वीकार गर्दै अर्थमन्त्रीले कृषिको आधुनिकी करण, उद्योगधन्दाको पवर्द्धन, स्थानीय उत्पादनको बजारीकरण हुन नसकेको, ऊर्जा सडकट गहिरिदै गएको, उत्पादक एवम् वितरकको भूमिका नेपाल विद्युत् प्राधिकरणले एक्लैले निर्वाह गर्नुपरेकाले ऊर्जा क्षेत्रमा लक्षित उपलब्धी हासिल हुन नसकेको पनि स्पष्ट गरे। उनले आगामी तीनवर्षीय विद्युत भार कटौती अन्त्य गर्ने लक्ष्यका साथ 'उज्यालो नेपाल, समृद्ध नेपाल' नवीकरणीय ऊर्जा उत्पादन २५ मेगावाट क्षमताको सौर्यऊर्जा 'प्लान्ट' काठमाडौं उत्पत्यमान स्थापना गरिने जानकारी पनि दिए। उच्च आर्थिक वृद्धिर हासिल हुने र गरिबीको दुश्चक्रबाट मुलुकलाई मुक्त गर्ने आधारशीला खडा गर्नेतर्फ बजेट केन्द्रित रहेको र विभेदमा परेका वर्गको उत्थान,सामाजिक-आर्थिक क्षेत्रमा विविध सुधार तथा उद्योग, वाणिज्यसम्बन्धी नीति परिमार्जनलाई पनि सरकारले उच्च प्राथमिकता दिएको अर्थमन्त्रीले बताए। अर्थतन्त्रका मेरुदण्ड कृषि क्षेत्र भएकाले कृषि सामग्रीको आपूर्ति एवम् वितरण सहज तुल्याउने, बढ्दो बेरोजगारी तथा युवा वर्गलाई विदेश पलायन हुन नदिन स्वदेशमा नै रोजगारीका अवसर उपलब्ध गराउने लक्ष्यका साथ कृषिजन्य उद्योगका निम्ति वाणिज्य बैंकबाट ऋण लिन चाहनेहरूलाई ६ प्रतिशत ब्याज नबढ्ने गरी कर्जा प्रवाह गरिने उनले जानकारी दिए।

यसैगरी सबै तह र श्रेणीका कर्मचारीको सुरु तलबमानमा दश प्रतिशतले वृद्धि भएको छ। आव २०७१/०७२ को बजेटमा स्थानीय भत्तामा २५ प्रतिशत र फिल्ड भत्तामा ५० प्रतिशत वृद्धि गरिएको छ। उच्च हिमाली जिल्लामा कार्यरत कर्मचारीलाई वार्षिक रु १५ हजार पोसाक खर्च दिइने, कर्मचारीको वार्षिक तलबवृद्धिलाई सुरु तलबमानसँग आवद्ध गरी तलबमानलाई वैज्ञानिक बनाउन र अन्य सुविधालाई पुनरवलोकन गर्नका लागि उच्चस्तरीय तलब, सुविधा सुझाव आयोग गठन गरिने बजेट वक्तव्यमा उल्लेख छ। यसैगरी आर्थिक वर्ष २०७१/०७२ देखि निर्वाचन क्षेत्र विकास कार्यक्रमअन्तर्गत प्रत्येक निर्वाचन क्षेत्रका लागि प्रारम्भमा रु एक करोड उपलब्ध गराउने व्यवस्था गरिएको छ। नयाँ बजेटमा कार्यक्रमको प्रभावकारीताका आधारमा सो रकममा वृद्धि गरिने र निर्वाचन क्षेत्र विकासका लागि सबै सांसदहरूलाई उपलब्ध गराउँदै आएको रु १० लाखमा रु पाँच लाख थप गरिएको छ। बजेटमा स्थानीयस्तरमा निर्मित सडकमा वर्षभरि नै आवतजावत गर्न झोलुङ्गे एवम् सडक पुल निर्माणलाई प्राथमिकता साथ अघि बढाइने, एक निर्वाचन क्षेत्र एक सडक पुल, एक जिल्ला एक राष्ट्रिय कार्यक्रम नीति लागू गरिने, सबै नगरपालिकामा नगर उद्यान निर्माणलाई अभियानको रुपमा अगाडि बढाउने, बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिने कार्य सबै जिल्लामा विस्तार गरिने उल्लेख छ।

यता, प्रतिपक्ष दलहरूले सरकारले आज व्यवस्थापिका संसदमा प्रस्तुत गरेको आर्थिक वर्ष २०७१/७२ को बजेट वक्तव्यले देशको आवश्यकता र जनताको आकाँक्षालाई पूरा गर्न नसक्ने प्रतिक्रिया दिएका छन्। बजेटका बारेमा सोधिएको जिज्ञासामा उनीहरूले बजेट उत्साहजनक र देशको आवश्यकता अनुरुप नभएको भनी आलोचना गरे। संसदमा प्रमुख प्रतिपक्षी दल एकेकपा माओवादीका वरिष्ठ नेता एवम् पूर्व प्रधानमन्त्री डा.बाबुराम भट्टराईले मुलुक ठूलो युगान्तकारी परिवर्तनको संधारमा रहेको र राजनीतिक परिवर्तनलाई संस्थागत गरेर समृद्धितर्फ फड्को मार्नुपर्ने चरणमा रहेको बेलामा पुरानैको निरन्तरमा बजेट ल्याइनु उपयुक्त नभएको टिप्पणी गरे। साधारण खर्च, विकास खर्च र वित्तीय व्यवस्थापनको अनुपात ज्यादै फरांकिलो भएको बताउँदै उहाँले ६४ प्रतिशत साधारण खर्च, १८ प्रतिशत विकास खर्च र १६ पतिशत बजेट ऋण तिर्न खर्च गर्नुपर्ने परिस्थितिले कसरी ६ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न सकिन्छ भनी प्रश्न गरे। शान्ति प्रकृयासँग सम्बन्धित विषय वस्तुलाई पूरै उपेक्षा गरिएको, द्वन्द्वपीडित र उनका परिवारलाई बजेटले पूरै उपेक्षा गरिएको जनाउँदै पूर्व अर्थमन्त्री समेत रहनुभएका डा. भट्टराईले भने-शिक्षा र स्वास्थ्य क्षेत्रमा समेत कम बजेट छुट्याईएका बजेट उल्टो दिसामा गएको टिप्पणी गरे। राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अध्यक्ष कमल थापाले नितान्त सस्तो लोकप्रियतामा आधारित भएर काम चलाउ ढंगबाट सरकारले बजेट ल्याएको प्रतिक्रिया दिए। ऊर्जा र पूर्वाधारको विकासका लागि गर्न खोजिएको प्रयास सकारात्मक देखिएपनि यो बजेटले मुलुकको आर्थिक अवस्थालाई सुधार गर्ला भनेर अपेक्षा गर्न नसकिने धारणा उनले व्यक्त गरे।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छले मुलुकको प्राथमिकता नै निर्धारण नगरी कनिका छरे जस्तो गरी बाँडिएको बजेटले मुलुकको विकास सम्भव नभएको टिप्पणी गरे। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष प्रदीपजंग पाण्डेले अर्थतन्त्रमा निजी क्षेत्रको दरिलो उपस्थिति हुनुपर्दछ भनेर बजेटमा वास्तविक रुपमै मनन् गरेर बल्ल कामको सुरुवात भएको भनी प्रशंशा गरे। निजी क्षेत्रले उठाएका उर्जा र उत्पादनलाई प्राथमिकता दिएर दुइवर्षभित्र सरकारी र निजीक्षेत्रको गरी १२ सय मेगावाट विद्युत उत्पादन गरिने विषयलाई कार्यान्वयनमा विशेष जोड दिनुपर्ने बताउँदै उनले पुजीगत खर्च ज्यादै कम्जोर रहेको छ, कार्यान्वयमा निकै ध्यान पुऱ्याउनुपर्छ भने। यसैगरी नेपाल चेम्बर्स अफ कमर्शका अध्यक्ष राजेशकाजी श्रेष्ठले बजेटले शिक्षा, स्वास्थ्यदेखि पूर्वाधार निर्माणसम्मका क्षेत्रलाई सम्बोधन गर्ने प्रयास गरेको भएपनि व्यापार घाटालाई कम गर्ने तर्फ आवश्यक ध्यान नपुगेको प्रतिक्रिया दिए।

काठमाडौंका डाक्टर स्पार्क हस्पिटलमा

स्पार्क अस्पताल, काठमाडौंका दुखाइ तथा प्यारालाइसिस विशेषज्ञ यूके तथा अमेरिकामा काम गरि अनुभव संगालु भएका वरिष्ठ डा.सुनिल पौडेल प्रत्येक महिनाको पहिलो शनिबार र यसपटक साउन ३ गते यसै हस्पिटलमा आउनुहुने भएकाले समयमै सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

उपचार हुने रोगहरु : प्यारालाइसिस, मुख बाङ्गिने, शरीरको ए वा दुवै भाग नचल्ने, हात खुट्टा झमझमाउने, पोल्ने, नशा तथा हड्डिका समस्याहरु । ढाड, कम्मर तथा गर्दन दुख्ने। डिस्क प्रोल्याप्स, हड्डि खिइएको, नशा च्यापिएको, वाथ, अर्थराइटिस, घुँडाका जोर्नीहरु दुख्ने, युरिक एसिड बढेको, टाउको दुख्ने, तनाव, अनिद्रा, पिनाश, पायल्स, अप्रेशन पछि गरिने फिजियोथेरापि ।

स्पार्क बि. एण्ड डि. हस्पिटल
सभागृहचोक, पोखरा-सभागृहको ठीक अगाडि (नबिल बैंक पछाडि)
फोन :०६१-५२१४०८, ९८४६०३४३८४
स्वास्थ्य मन्त्रालयबाट स्वीकृति प्राप्त पोखराको प्रथम र एकमात्र प्राकृतिक चिकित्सा, फिजियोथेरापि तथा रिह्याबिलिटेशन अस्पताल

समाजसेवी सन्तकुमार जोजिजूको निधन

पोखरा २८ असार ।(गोल्डेन)

गायक द्वय रामभक्त जोजिजू र विनित जोजिजुलाई पितृशोक परेको छ। जोजिजूद्वयका पिता एवं समाजसेवी पोखरा ११ फूलबारी निवासी बेञ्जुबादक सन्तकुमार जोजिजुको ९२ वर्षको उमेरमा शनिवार राति २ बजे निधन भएको हो। दम, पोष्टेट र उच्च रक्तचापबाट पीडित जोजिजुलाई मध्यरातमा च्यापेपछि उपचारका लागि चरक अस्पताल लैजाने क्रममा बाटोमै निधन भएको उनको पारिवारिक श्रोतले जनाएको छ। भूपू भारतीय गोर्खा समेत रहेका स्वर्गीय सन्तकुमार जोजिजू जोजिजू म्यूजिक सेन्टरका संरक्षक पनि थिए। जोजिजुको ५ छोरा, ५ छोरी र २ श्रीमती छन्। स्वर्गीय जोजिजुको आईतबार तुलसीघाटमा अन्त्येष्टि गरिएको छ। उनका जेठा छोरा बुद्धराम जोजिजुले उनको पार्थिव शरीरमा दागवत्ती दिएका थिए। उनका अन्य छोराहरुमा माइला विश्वकुमार, काईला दुर्गदत्त प्रसाद जोजिजू रहेका छन। पोखरा ११ फूलबारीका जेष्ठ नागरिकको रुपमा रहेका जोजिजू जेष्ठ नागरिक सम्मानबाट सम्मानित भएका थिए।

मुटुरोगीहरूलाई खुशीको खबर

शहीद गंगालाल हृदयरोग केन्द्र काठमाडौंका वरिष्ठ मुटुरोग विशेषज्ञ डा. मुरारी ढुङ्गाद्वारा उच्च रक्तचाप, मुटु हल्लिने, स्वाँ स्वाँ हुने, छाती दुख्ने, भारी हुने एन्जियोग्राम गरेको बिरामीहरु र एन्जियो प्लास्ट गरेका बिरामीहरूलाई लाभ लिनुहुन अनुरोध गरिन्छ । साथै, ECG र ECO को पनि व्यवस्था छ । नयाँ तथा पुराना रोगीहरूले आफ्नो पुरानो सम्पूर्ण रिपोर्टसहित आउनुहोला ।

स्थान: अस्मानी फार्मेसी
(पुरानो चरक हस्पिटल अहिलेको गण्डकी मेडिकल कलेजको Opposite पश्चिमाञ्चल ईण्टल हस्पिटलसँगै)
मिति : २०७१ साउन ३ गते, शनिबार
समय : बिहान ८:०० बजेदेखि बेलुका ३:०० बजेसम्म
सिट सीमित भएकोले तु-रुन्तफर्क गर्नुहोला ।
सम्पर्क:
०६१-५३४७९८, ९८४६०७७४४८, ९८५६०३७४४८, ९८५६०३११८७

के तपाईंमा यौनसम्बन्धी समस्या छ ???

पुरुषमा देखिने
शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।
महिलाहरूमा देखिने
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गड्बढी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, ट्युठीफोर कालोमोतो, अनावश्यक कोठी वा फोकाहरू, दुबी, सेतो दुबी, साथै अन्य चर्मरोगहरू ।
महिला वा पुरुषमा हुने बाँझोपना नि:सन्तानको सफल उपचार
बाँझे समय : प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान
माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिस्ट डाक्टर्स क्लिनिक
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९९८४, ९८४६०४११३१, ९८०४१७०२५३१

खेलकूद समाचार

सहारा र नव आदर्श एकेडेमीलाई बल

गोल्डेन न्युज संवाददाता
पोखरा २९ असार ।

पोखरा नयाँबजारको इच्छाशक्ति अटो मोबाईल्स प्रालिले विश्व कप फुटबलको अवसरमा सहारा क्लबद्वारा संचालित सहारा एकेडेमी र नव आदर्श सामुदायिक विकास समाजद्वारा संचालित फुटबल एकेडेमीलाई बल हस्तान्तरण गरेको छ।

प्रालिका इच्छामान बुढचार्य र आधोषमान बुढचार्यले सहारा क्लबका अध्यक्ष वीरभद्र आचार्य, कोषाध्यक्ष विश्वराज बराल र समाजका अध्यक्ष बुद्धि खॅतिलाई ६/६ थान बल हस्तान्तरण गरेका हुन्।

विश्वकपको फाईनल खेलको अवसरमा दुई एकेडेमिमा रहेका बालकहरुको लागि सानो सहयोगको रुपमा बल सहयोग गरेको बताउँदै इच्छामान बुढाचार्यले यस्तो सहयोगलाई निरन्तरता दिने बताए। विश्व कप फुटबलको अवसरमा प्रालिले मोटरसाईकल किन्ने ग्राहकलाई एक थान जर्सी दिएको थियो। एक महिनाको अवधिमा प्रालिले पोखराबाट एक सय ५० वटा बजाज कम्पनिका मोटरसाईकलहरु बिक्रि गरेको बुद्धचार्यले बताए। सहारा एकेडेमिमा हाल २० जना बालकहरु रहेका छन भने समाजको एकेडेमिमा १४ वर्षमुनिका २० जना र १६ वर्ष मुनिका २४ वजना किशोरहरु रहेका छन।

जिम्नाष्टिक प्रशिक्षणको तयारी पुरा

पोखरा २९ असार ।

राष्ट्रिय विद्यालय जिम्नाष्टिक्स महासंघ, नेपाल जिल्ला कार्य समिति कास्कीले आयोजना गर्न लागेको पश्चिमाञ्चल क्षेत्रिय स्तरिय जिम्नाष्टिक्स प्रशिक्षण गोष्ठिको तयारी पुरा भएको छ। जीवनलाई स्वस्थ्य राख्न भन्ने उद्देश्यका साथ आयोजना गर्न लागिएको उक्त गोष्ठि असार ३१ देखि साउन ५ गतेसम्म पोखराको दिपसागर होटेलको सभाकक्षमा चल्ने छ। गोष्ठिमा निप्पोन स्पोर्टस साइन्स युनिभर्सिटी टोकियोका वरिष्ठ प्रशिक्षक विश्व प्रसिद्ध प्रोफेशर टाचु ओ आराकीले प्रशिक्षण दिने भएका छन्। गोष्ठिको उद्घाटन राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव युवराज लामाले गर्ने कार्यक्रम रहेको राष्ट्रिय विद्यालय जिम्नाष्टिक्स महासंघ, नेपाल जिल्ला कार्य समिति कास्कीका अध्यक्ष राजु कायस्थले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए।

उक्त गोष्ठी पोखराको रंगशालामा गर्ने भनिएता पनि वर्षादका कारणले दीपसागर होटलको सभाहलमा राखिएको कायस्थले जानकारी दिए। गोष्ठिमा पश्चिमाञ्चलका निजि तथा सामुदायिक विद्यालयका प्रिन्सिपल शिक्षक गरि एक सय जनाको सहभागिता रहने समितिका सचिव केशवशरण पौडेलले जानकारी दिए। जिम्नाष्टिकस फर अल लेवल बन नाम दिएको उक्त गोष्ठि शिक्षकहरुका लागि फलदायि हुने विश्वास समितिले लिएको छ। पहिला विद्यालयका शिक्षकहरुलाई स्वस्थ्य बनाउने गोष्ठिको लक्ष्य हो समितिका सचिव पौडेलले भने-त्यसपछि विद्यालयमा अध्ययन गर्ने सम्पूर्ण बालबालिकालाई स्वस्थ्य बनाउने काम गर्ने छौ। कास्कीका निजि तथा सामुदायिक विद्यालयको भेलाले गत वर्ष चैतमा समिति गठन गरेको थियो।

(निरोज बजगाई/विद्यार्थी पत्रकार)

'शैक्षिक क्षेत्रलाई समस्यामा पार्ने राजनीति अनावश्यक'

पोखरा २९ असार ।(गोल्डेन)

नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मी शैक्षिक क्षेत्रमा राजनीतिमा आस्था राख्न पाइने तर शैक्षिक क्षेत्रनै समस्यामा पार्नेगरी राजनीति गर्न नपाइने बताएका छन्।

पोखरा विश्वविद्यालय एमबिएमा चौथो टाइमिस्टरमा अध्ययनरत विद्यार्थीको आयोजनामा भएको कार्यशालामा पूर्व अध्यक्ष मुल्मीले नेपाल र भारतको व्यापार, आर्थिक वृद्धिर, मानव विकास सूचाङ्क लगायतका बारेमा जानकारी दिएका थिए। नेपालको अर्थतन्त्रमा विश्वव्यापिकरणको प्रभाव शीर्षकमा भएको कार्यशालामा पो वि एम वि एमा अध्ययनरत विद्यार्थीले आफ्नो कार्यपत्र पेश गरेका थिए।

सोही कार्यपत्ररुमा नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मी, सिटी डेभलभमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत विश्वमोहन अधिकारी, पोवि मानविकी संकायका डीन डा. इन्द्रप्रसाद तिवारी, स्कूल अफ बिजनेसका डीन डा. कर्णबीर अर्थतन्त्रमा विश्वव्यापिकरणको प्रभाव शीर्षकमा भएको कार्यशालामा पो वि एम वि एमा अध्ययनरत विद्यार्थीले आफ्नो कार्यपत्र पेश गरेका थिए।

सोही कार्यपत्ररुमा नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मी, सिटी डेभलभमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत विश्वमोहन अधिकारी, पोवि मानविकी संकायका डीन डा. इन्द्रप्रसाद तिवारी, स्कूल अफ बिजनेसका डीन डा. कर्णबीर पौडेल, लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष बाबुराम गिरी लगायतले अर्थतन्त्र र नेपालको दीर्घकालिन विकासमा विद्यार्थीको भूमिका महत्वपूर्ण हुने बताएका थिए। कार्यक्रममा एमबिए संयोजक दीपमाला श्रेष्ठ र कार्यक्रम संयोजक दयाराज ढकालले विद्यार्थीको प्रस्तुतिमा अझ सुधार गर्दै लगेर जागीर खोज्ने हैन जागीर दिने बनाउनु पर्नेमा जोड दिइन्। कार्यक्रमको सञ्चालन विद्यार्थी द्वय सुवास जिसी र समिता शर्माले गरेका थिए।

सि.एम.ए. तथा हेल्थ ल्याब असिस्टेण्ट कोर्षमा भर्ना खुल्यो

शैक्षिक सत्र २०७१/०७२ का लागि यस पोखरा प्राविधिक तालिम तथा अनुसन्धान केन्द्र रानीपौवामा सि.एम.ए. तथा हेल्थ ल्याब असिस्टेण्ट १५ महिने कार्यक्रममा भर्ना खुल्यो। इच्छुक एस.एल.सी. उत्तीर्ण विद्यार्थीहरुले समयमै सम्पर्क राख्नुहोला। सिट सिमित छ।
प्रवेश परीक्षा : २०७१ श्रावण १७ गते शनिबार बिहान ८:०० बजे
सम्पर्क ठेगाना : पोखरा प्राविधिक तालिम तथा अनुसन्धान केन्द्र रानीपौवा, पोखरा फोन नं. ०६१-५२७८३०
नोट : पूरक एस.एल.सी. का विद्यार्थीहरुले पनि फारम भर्न सक्नेछन्।
(५% पूर्ण छात्रवृत्तिको व्यवस्था)

कर्मचारी आवश्यकता

सुनौलो पब्लिकेशन प्रा.लि.को प्रकाशन गोल्डेन न्युज राष्ट्रिय दैनिक र सुनौलो एफ.एम. १०२.२ मेगाहर्जका लागि निम्न कर्मचारी आवश्यक परेको हुँदा इच्छुक र योग्य उम्मेदवारले आफ्नो हस्तलिखित निवेदन र बायोडाटा सहित तुरुन्त सम्पर्क गर्नुहुन सुचित गरिन्छ ।

१. पद : समाचारदाता/समाचार वाचक (महिला/पुरुष)
संख्या : केही
२. पद : कार्यालय सहायक (महिला)
संख्या : १ जना (कम्प्युटर सम्बन्धी ज्ञान भएको)
३. पद : कम्प्युटर अपरेटर (दिउसोका लागि)
संख्या : १ जना (पत्रिका डिजाइन गर्न सक्ने)
४. पद : ग्राहक शाखा प्रमुख
संख्या : १ जना (पोखराको विभिन्न क्षेत्रको जानकारी भएको)
५. पद : बजार प्रतिनिधि
संख्या : केही

सम्पर्कका लागि
गोल्डेन न्युज राष्ट्रिय दैनिक/सुनौलो एफ.एम.
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-४३५४५५
(जागिरका लागि टेलिफोनमा सम्पर्क नगर्नुहोला ।)

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्युज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा -सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा